नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गोरखा

फोन नं. - ०६४-४२०१३३
फ्याक्स नं. - ०६४४२०१८९
Email : dao.gorkha@gmail.com
URL : daogorkha.moha.gov.np


पत्र संख्या :- २०७७/०७८
चलानी नं. :- ४००२

मिति :- २०७७/१२/१८

---

**विषय : सूचनाको प्रचार प्रसार गरिदिने सम्बन्धमा ।**

**श्री स्थानीय तह सबै,**
**गोरखा ।**

प्रस्तुत विषयमा यस कार्यालयद्धारा यहि मिति २०७७/१२/१६ गते प्रकाशित लोकतान्त्रिक योद्धाहरुको विवरण संकलन सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । उक्त सूचना वडा कार्यालय मार्फत स्थानीय समुदायसम्म पुग्ने गरी यथाशिघ्र प्रचार प्रसार गरिदिने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

दामोदर शर्मा
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं. ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email:dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

प.सं. : ०७७।७८
च.नं:

मिति: २०७७।१२।१७

## जिल्ला प्रशासन कार्यालय, गोरखाको अत्यन्त जरुरी सूचना।

गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाको चलानी नम्बर १८२, मिति २०७७।१२।०८ गतेको पत्रबाट नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सवै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, वेपत्ता पारिएका व्यक्तिको परिवार, लोकतान्त्रिक योद्धा, द्धन्द्ध पीडित र विस्थापित अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितको अभिलेख संकलन गर्नु पर्ने भएकोले सो सम्बन्धमा मिति २०७७।१२।१७ गते बसेको जिल्लास्तरीय लोकतन्त्रिक योद्धा अभिलेखीकरण तथा सम्मान समिति, २०७७ को बैठकले विभिन्न समयमा भएका लोकतान्त्रिक आन्दोलनका योद्धाहरुको विवरण संकलन गर्ने निर्णय गरेकोले तीन दिन भित्र  नागरिकताको प्रमाणपत्रको छायाँप्रति, दुई प्रति पासपोर्ट साइजको फोटो र देहाय बमोजिमको विवरण सहितको निवेदन जिल्ला प्रशासन कार्यालय गोरखामा दिनुहुन सम्बन्धित सवैमा यो सूचना प्रकाशन गरिएको छ।

देहाय:

| क्र.सं. | नाम थर | स्थायी ठेगाना | योगदानको सारांश | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

........ ०७७।१२।१८

हर्क बहादुर रोका
प्रशासकीय अधिकृत